# स्वावलम्बन बैंक

स्वावलम्बन लघुवित्त विकास बैंक लि. द्वारा प्रकाशित त्रैमासिक बुलेटिन । २०७२ पौष

समाचार


## चौधौं वार्षिक साधारण सभा सम्पन्न






स्वावलम्बन लघुवित्त विकास बैंक लि.को चौधौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री बिजेन्द्र सुवालको अध्यक्षतामा २०७२ पुस २४ गते शुक्रवार सम्पन्न भयो ।

सभाले आ.व.२०७१/७२ को वासलात, नाफा-नोक्सान हिसाव लगायत अन्य वित्तीय विवरण पारित गरेको छ साथै यस आ.व.मा सेयरधनीहरुलाई ४२ प्रतिशत बोनस सेयर र १०.६३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकले आ.व. २०७१/७२ मा रु.२३ करोड ५४ लाख ४८ हजार १ सय ३२ रुपैया खुद नाफा आर्जन गर्न सफल भएको छ ।

राष्ट्रिय स्तरको लघुवित्त विकास बैंकका रुपमा कारोवार गरिरहेको र वित्तीय पहुँच कम रहेका देशका विभिन्न हिमाली तथा पहाडी ग्रामिण क्षेत्रमा कार्यक्षेत्र विस्तारको योजना साथ अगाडी बढेको छ । चालु आ.व.को मंसिर मसान्तसम्म ४६ जिल्लाका ११९ कार्यालयबाट १ लाख ९८ हजार ४ सय ५५ महिला सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको बैंकको अधिकृत पूँजी रु.५० करोड रुपैया छ साथै जारी पूँजी र चुक्ता पूँजी रु.३१ करोड २१ लाख २२ हजार रुपैयाँ रहेको छ । सो अवधिमा बैंकको कर्जा लगानी रु.५ अर्व ५० करोड ५ लाख १ हजार पुगेको छ । बैंकको आन्तरिक पूँजी निर्माणमा सहयोग पुग्ने सदस्यको वचत यस अवधिसम्ममा रु.२ अर्व ४५ करोड ८० लाख ५६ हजार रहेको छ ।

साधारण सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानले सहभागी सञ्चालक समिति तथा सेयरधनीहरु लगायत सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुभयो । सभामा रिक्त संचालक समितिको सर्वसाधारण तर्फको संचालकको निर्वाचनबाट श्री इन्द्रकृष्ण श्रेष्ठ निर्विरोध निर्वाचित हुनुभएको छ ।

सभामा संचालक समितिका अध्यक्ष श्री सुवालले बैंकलाई यस गौरवपूर्ण अवस्थासम्म पुऱ्याउने ग्राहक सदस्यलाई हार्दिक धन्यवाद दिनुभयो । त्यस्तै नेपाल सरकार, नेपाल राष्ट्र बैंक तथा सरोकारवाला बैंक, संघ, संस्था, लेखापरीक्षक, कानुनी सल्लाहकार तथा बैंकको उन्नति प्रगतिमा आफ्नो क्षेत्रबाट आ-आफनो कार्य सुचारु रुपले संचालन गरी बैंकको कार्यसफलतामा योगदान पुऱ्याउने प्रमुख कार्यकारी सहित बैंक व्यवस्थापन र सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिनुभयो । ■

## उत्कृष्ट करदाता सम्मान

स्वावलम्बन लघुवित्त विकास बैंक लि.यस वर्षको उत्कृष्ट करदाता सम्मान २०७२ ले सम्मानित भएको छ ।

“समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार: करदाता मैत्री सुदृढ कर प्रणाली पूर्वाधार” भन्ने मूल नाराका साथ सरकारले चौथो राष्ट्रिय कर दिवस मनाएको थियो । सो अवसरमा लघुवित्त क्षेत्रमा सबै भन्दा बढी कर दाखिला गर्ने करदाता स्वावलम्बन लघुवित्त विकास बैंकलाई माननीय अर्थ मन्त्री श्री विष्णु पौडेलले सम्मान पत्र सहित सम्मानित गर्नु भएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानज्यूले सम्मान पत्र ग्रहण गर्नुभयो ।

आर्थिक वर्ष २०७०।७१ मा कर तिरेका आधारमा बढी कर तिर्ने विभिन्न व्यक्ति तथा कम्पनीलाई सरकारले काठमाडौंमा एक कार्यक्रम गरी सम्मानित गरेको हो । नक्कली मूल्य अभिवृद्धि कर छलीको



छानविनमा नपरेका, कर बक्यौता नरहेका, विवरण नियमित बुझाएका र मुद्दामामिलामा नपरेकालगायतलाई आधार मानी आन्तरिक राजस्व विभागले करदाता छनौट गरेको थियो । ■

# बैंक र उन्नती परियोजना बीच समझदारी पत्रमा हस्ताक्षर




स्वावलम्बन लघुवित्त विकास बैंक लि. र UNNATI- Access to Finance (A2F) परियोजना बीच साझेदारी कार्यक्रम संचालन गर्ने समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

नोभेम्वर ६, २०१५ काठमाडौंमा सम्पन्न उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री महाप्रसाद अधिकारीको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानले हस्ताक्षर गर्नुभयो । नेपाल राष्ट्र बैंकले संयुक्त राष्ट्र संघ पूँजी विकास कोषसंगको सहकार्यमा गरिवी न्यूनिकरण तथा जीवनस्तर सुधार गर्न कृषि क्षेत्रमा व्यवसायिकरणका लागि UNNATI-A2F परियोजना कार्यान्वयनमा ल्याएको छ ।

UNNATI-A2F परियोजनाले उक्त कार्यक्रममा स्वावलम्बन लघुवित्त विकास बैंक लि. लगायत अन्य १२ वटा बैंक तथा वित्तीय संस्थासंग परियोजना कार्यान्वयनका लागि समझदारी पत्रमा हस्ताक्षर गरेको थियो । ■

# लोकप्रिय बन्दै स्वावलम्बनको वातावरणीय कर्जा

स्वावलम्बन लघुवित्त विकास बैंक लि.ले समुदायमा वातावरण सुधारमा टेवा पुऱ्याउने हेतुले कार्यान्वयनमा ल्याएको लघुकर्जा योजना वातावरणीय कर्जा तथा नविकरणीय उर्जा कर्जा लोकप्रिय बन्दै गएको छ ।

आफ्नो सेवा विस्तारका क्रममा बैंकले ल्याएका यस प्रकारका योजनाले वातावरणीय क्षेत्रमा ठूलो योगदान पुगेको छ । ग्राहक सदस्यको स्वास्थ्य तथा सरसफाईका लागि चर्पी निर्माण तथा सोलार जडानका लागि हाल देशका २२ जिल्ला झापा, सुनसरी, धनकुटा, सप्तरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, काठमाडौं, भक्तपुर, ललितपुर, दाङ्ग, अर्घाखाँची, गुल्मी, सल्यान, कपिलबस्तु, सुर्खेत, रुपन्देही, बाँके, बर्दिया र कैलालीमा रहेका शाखा कार्यालयहरु मार्फत २०७२ आश्विन मसान्तसम्म जम्मा रु.९ करोड ९८ लाख ७९ हजार लघुकर्जा लगानी गरेको छ । जस अन्तरगत वातावरणीय कर्जामा रु.८ करोड ७४ लाख ८७ हजार र नविकरणीय उर्जा कर्जामा रु.१ करोड २३ लाख ९१ हजार पुगेको छ ।

ग्राहक सदस्यहरुको आयस्तर अभिवृद्धि गर्न समय समयमा उनीहरुलाई सीप विकास तालिम तथा उत्पादनको वजारीकरणका लागि विभिन्न गोष्ठी तथा छलफल कार्यक्रमको समेत आयोजना गर्दै आएको बैंकले सदस्यहरुलाई विभिन्न प्रकारका लघुकर्जाको अतिरिक्त लघुवचत, सुरक्षा योजना तथा रेमिट्यान्स सेवा उपलब्ध गराउँदै आएको छ । ■





# कार्यालय प्रमुखहरु Self-Development Management तालिममा सहभागी







स्वावलम्बन लघुवित्त विकास बैंक लि. इलाका कार्यालय घोराही, दाङ्ग र धनगढी, कैलाली लगायत अन्तरगतका शाखा/उपशाखा कार्यालयका प्रमुखहरुलाई Self-Development Management तालिममा सहभागी गराएको छ । तालिम कार्यक्रम मिति २०७२ कार्तिक २२ देखि २३ गतेसम्म नेपालगंज, बाँकेमा संचालन भएको थियो । त्यसैगरी, बर्दिवास, महोत्तरी, बीरगंज, पर्सा र मुग्लिन, चितवन लगायत अन्तरगतका शाखा/उपशाखा कार्यालयका प्रमुखहरुलाई समेत सोही विषयक तालिममा सहभागी गराईएको छ । उक्त तालिम कार्यक्रम मिति २०७२ पौष १३ देखि १४ गतेसम्म विरेद्रनगर, चितवनमा सम्पन्न भएको थियो । स्वावलम्बन विकास केन्द्रलेको आयोजनामा संचालित उक्त २ दिने तालिम कार्यक्रम सकारात्मक सोंच विकास, कार्यप्रतिका उत्प्रेरणा, सेवाग्राहीप्रति प्रभावकारी सेवा र कर्मचारी बिच सुसम्बन्ध कायम राख्न सहयोग पुग्ने जस्ता विषयमा केन्द्रीत थियो । ■

## राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिममा सहभागी

- उन्नती वित्तीय पहुँच आयोजनाले काठमाडौंमा मिति २०७२ मंसिर १३ देखि १४ गतेसम्म आयोजना गरेको Review and Orientation कार्यक्रममा केन्द्रीय कार्यालयका नायव विभागीय प्रबन्धक श्री चन्द्रमणि चौलागाँई र इलाका कार्यालय विर्तामोडका इलाका प्रबन्धक श्री राजेश्वर यादव सहभागी हुनुभयो। त्यसैगरी, २०७२ पौष ६ देखि ८ गतेसम्म धनकुटा र इलाममा आयोजना गरेको Business to Business (B2B) and Relationship कार्यशाला गोष्ठीमा शाखा कार्यालय हिलेबाट श्री लोक बहादुर रखाल र शाखा कार्यालय इलामबाट श्री रमेश कुमार श्रेष्ठ सहभागी हुनुभयो ।
- फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.ले मिति २०७२ मंसिर १५ देखि १६ गतेसम्म आयोजना गरेको धितोमा आधारित लघुउद्यम कर्जा लगानी विषयक अन्तरकृयामा अभ्यास तथा अनुभव आदान प्रदानका लागि सहजिकरण गर्न का.मु. विभागीय प्रबन्धक श्री चन्द्रकान्त काफ्ले र सहभागीको रुपमा प्रबन्धक श्री संजीव कुमार झा सहभागी हुनुभयो ।
- स्वावलम्बन विकास केन्द्र र Microcredit Summit Campaign, USA ले संयुक्त रुपमा २०७२ मंसिर २५ गते आयोजना गरेको Combating Extreme Poverty through Financial Inclusion and Social Protection Programs विषयक गोष्ठी र २०७२ मंसिर २५ र २६ गते आयोजना गरेको रणनीतिक कार्यशाला गोष्ठीमा का.मु. विभागीय प्रबन्धक श्री चन्द्रकान्त काफ्ले सहभागी हुनुभयो ।
- स्वावलम्बन विकास केन्द्रको आयोजनामा मिति २०७२ पौष ४ देखि १२ गतेसम्म बंगलादेशमा लघुवित्त सम्बन्धी अध्ययन/अवलोकन भ्रमण कार्यक्रममा संचालक समितिका संचालक श्री रविन्द्र नारायण प्रधान र वरिष्ठ प्रबन्धक श्री निलकण्ठ पौडेल सहभागी हुनुभयो ।
- Information Technology Security Emergency Response Team Nepal (ITSERT-NP) ले २०७२ मंसिर १० देखि १२ गतेसम्म काठमाडौंमा आयोजना गरेको Financial Inclusion and Payment Systems Security Conference विषयक गोष्ठीमा नायव विभागीय प्रबन्धक श्री संजेश रिमाल र वरिष्ठ प्रबन्धक श्री महेन्द्र वन सहभागी हुनुभयो ।
- श्री श्रवणकुमार सपोर्ट प्रा.लि.ले काठमाडौंमा मिति २०७२ पौष ४ गते आयोजना गरेको लघुवित्त व्यवस्थापन तालिममा कर्मचारीहरु शाखा कार्यालय चुच्चेपाटीबाट श्री भुवन खतिवडा, शाखा कार्यालय पाँचखालबाट श्री उमेश सुवेदी र शाखा कार्यालय लुभुबाट श्री कविता सिलवाल सहभागी हुनुभयो। त्यसैगरी, मिति २०७२ पौष ९ देखि ११ गतेसम्म काठमाडौंमा आयोजना गरेको शाखा व्यवस्थापन तालिममा शाखा कार्यालय लुभुबाट श्री सन्त बहादुर सार्की र शाखा कार्यालय चौताराबाट श्री सुमन श्रेष्ठ सहभागी हुनुभयो ।
- नेपाल लघुवित्त बैंकर्स संघले मिति २०७२ पौष २४ गते काठमाडौंमा आयोजना गरेको लघुवित्त क्षेत्रको विस्तार, संभावना र चुनौती विषयक कार्यशाला गोष्ठीमा नायव महाप्रबन्धक डा.विरेन्द्र कुमार साह सहभागी हुनुभयो ।
- Cyberoam ले मिति २०७२ पौष २८ गते काठमाडौंमा आयोजना गरेको Technical Certification Program CCNSP FT (Cyberoam Certified Network and Security Professional Fast Tracks) विषयक तालिममा प्रबन्धक श्री ज्ञानेन्द्र कुमार सिंह र सहायक प्रबन्धक श्री प्रकाश डाखुसी सहभागी हुनुभयो ।

## हार्दिक समवेदना



जन्मः २०३८/०५/१४

स्वर्गारोहनः २०७२/०९/२४

यस बैंकको शाखा कार्यालय, ढल्केवर, धनुषामा कार्यरत सहायक कर्मचारी टेक बहादुर भुजेलको असामयिक स्वर्गारोहन भएकोमा स्वावलम्बन लघुवित्त विकास बैंक लि. परिवार स्तब्ध र मर्माहित छ । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक, सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**स्वावलम्बन लघुवित्त विकास बैंक लि., परिवार**

## आइएमई र प्रभुसंग रेमिट्यान्स सेवा सम्झौता

स्वावलम्बन लघुवित्त विकास बैंकसंग आइएमई लि.र प्रभु मनि ट्रान्सफर वीच रेमिट्यान्स सम्झौता भएको छ ।

सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधान र आइएमईका तर्फबाट प्रबन्धक श्री रुद्रराज पौडेल तथा प्रभु मनिट्रान्सफरका नायव महाप्रबन्धक श्री रामेश्वर सापकोटाले हस्ताक्षर गर्नुभयो ।

सम्झौता पछि बैंकको हाल ४६ जिल्लामा रहेका १ सय ९ शाखा कार्यालय मार्फत यो सेवा लिन सकिने भएको छ । यसबाट बैंकमा आवद्ध करिव २ लाख ग्राहक सदस्य लाभान्वित हुने देखिएको छ । ग्राहकले गाँउस्तरबाटै छिटो र सजिलो रुपमा सेवा उपभोग गर्न सक्ने गरी सम्झौता गरिएको बताइएको छ । ■

**कविता**

## स्वावलम्बन बैंक हो नाम



**- गोबिन्द काफ्ले**

स्वावलम्बन लघुवित्त विकास बैंक हो नाम
गरिबलाई स्वावलम्बी बनाउने सधै यसको काम ।
सदस्यलाई आर्थिक-सामाजिक रुपमा शसक्त बनाउँदै
आएको छ हिमाल, पहाड, तराईमा वित्तीय पहुँच फैलाउँदै ॥

स्वावलम्बन बैंक गाँउका कुना कुना पुग्यो
गरिब र विपन्नमा खुशि यसले ल्यायो ।
महिलाको उत्थानकोलागि श्रोत खोज्दै आयो
बिना धितो कर्जा बाँड्दै खुशी छर्दै आयो ॥

गाउँ-गाउँमा महिलाका केन्द/समूह बनाई
सदस्यलाई बैंक प्रति उत्तरदायित्व बनाई ।
सीपमूलक तालिम दिई स्वावलम्बी बनाई
बैंकको नीति नियम पालन गराई ॥

उन्नतीको बाटो लम्कीदै जाऊ हाम्रो छ साथ
मेहनती कर्मचारी/व्यबस्थापन माझ
गरिबको आर्शिबाद सधै पाउने गर काम
गरिबकै लागि हो, स्वावलम्बन बैंक यसको नाम ।

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.

## अद्यावधिक स्थिति (२०७२ मंसिरसम्म)

बैंकले सेवा पुऱ्याएको जम्मा जिल्ला संख्या : ४६

| क्र. सं. | इलाका कार्यालय | कार्यालय संख्या | कार्यक्रमले ढाकेको गा.वि.स/न.पा. | केन्द्र संख्या | समुह संख्या | सदस्य संख्या | ऋणी सदस्य संख्या | ऋणी सदस्य अनुपात % | लगानीमा रहीरहेको रकम रू. (०००) | सदस्य बचत रकम रू. (०००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विर्तामोड, झापा | ८ | ५९ | ६०९ | २,७०४ | १०,६२३ | ८,२६२ | ७८% | ३८५,९९५ | १३७,५५८ |
| २ | इटहरी, सुनसरी | १० | ८७ | ८६५ | ४,५४२ | २०,३५५ | १४,७१३ | ७२% | ६२७,३७८ | २७५,८७२ |
| ३ | लहान, सिरहा | १८ | २१२ | १,१९५ | ६,२९० | २८,८७२ | १९,३३५ | ६७% | ८४३,०३८ | ३८७,७४६ |
| ४ | बर्दिबास, महोत्तरी | ११ | १०९ | ७७३ | ४,५६० | २१,५१६ | १५,४२७ | ७२% | ७४५,४६२ | २८७,३७२ |
| ५ | बीरगंज, पर्सा | ११ | ११६ | ८४१ | ५,२४१ | २४,०९१ | १८,२६८ | ७६% | ६७५,७७९ | ३४१,३३८ |
| ६ | गठ्ठाघर, भक्तपुर | १७ | ११३ | १,४७८ | ७,६३५ | ३१,०३८ | १८,९६० | ६१% | ६२१,२२८ | ४२२,९५४ |
| ७ | घोराही, दाङ्ग | १७ | १२४ | १,४४४ | ७,२७० | ३४,२२५ | २२,५८० | ६६% | ९०४,०४८ | ३५४,६०० |
| ८ | मुग्लिन, चितवन | ९ | ९० | ७०१ | ३,००१ | १५,००३ | ११,२४६ | ७५% | ४२५,८७३ | १५८,०४३ |
| ९ | धनगढी, कैलाली | ८ | ५६ | ५४९ | २,४३८ | १२,७३२ | ७,६४२ | ६०% | २७१,७०१ | ९२,५७५ |
| | **जम्मा** | १०९ | ९६६ | ८,४५५ | ४३,६८१ | १९८,४५५ | १३६,४३३ | ६९% | ५,५००,५०१ | २,४५८,०५६ |

## अनुरोध

यस "स्वावलम्बन बैंक समाचार" लाई अझ प्रभावकारी, उपयोगी र स्तरीय बनाउन तपाईंहरूको रचनात्मक सहयोग एवं सुझावको सदैव अपेक्षा गर्दछौं । यस प्रकाशनको प्रकृतिसँग मेल खाने लेख, रचना, सदस्यहरूको सफलताका कथाहरू तथा अन्य समसामयिक गतिविधि समेटी तयार पारेका रिपोर्टहरू स्पष्टसंग लेखि वा टाइप गरी पठाउनु हुन समेत अनुरोध गर्दछौं ।

**प्रापक**

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

केन्द्रीय कार्यालयः लालकोलोनी मार्ग, लालदरबार, काठमाडौं, पो.ब.नं. १९२४६, फोन ०१-४४३४९२१, ४४३४९२२ फ्याक्सः ०१-४४४१५२५
E-mail: swbbl@ntc.net.np / swabalambanadm@gmail.com, Web Site: www. swbbl.com.np